# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, १ नं प्रदेश, नेपाल, आश्विन २ गते २०७९ साल ( संख्या २६

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं २६

# हल्दीबारी गाउँपालिकाको सूचना तथा सञ्चार संयोजक सम्बन्धी मापदण्ड, २०७९

**प्रस्तावनाः** गाउँपालिकाले सम्पादन गरेका सबै प्रकारका कार्यहरुलाई आम नागरिकहरुमाझ सहज, सरल र पारदर्शी रुपमा सम्प्रेषण गर्ने, नागरिकहरुको सूचना पाउने अधिकारलाई स्थापित गरी सबै प्रकारका जानकारी नागरिकहरुमा विश्वसनिय रुपमा पुर्याउन र पत्रकार एवं सञ्चार जगत विचमा समन्वय स्थापित गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **"हल्दीबारी गाउँपालिका सूचना तथा सञ्चार संयोजक सम्बन्धि मापदण्ड, २०७९"** जारी गरेको छ।

## परिच्छद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"हल्दीबारी गाउँपालिका सूचना तथा सञ्चार संयोजक सम्बन्धि मापदण्ड, २०७९"** रहेको छ।

(२) यो मापदण्ड हल्दीबारी गाउँपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "सञ्चार संयोजक" भन्नाले गाउँपालिका क्षेत्र भित्रको समाचार रिपोर्टिङ, समाचार लेखन तथा प्रकाशन कार्य गर्ने गाउँपालिकाले तोकेको सञ्चारकर्मीलाई सम्झनु पर्दछ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ।

## परिच्छेद-२
## सूचना तथा सञ्चार संयोजक सम्बन्धी व्यवस्था

**३. सूचना तथा सञ्चार संयोजकः**

(क) यस गाउँपालिकासँग सम्बन्धित सूचना, समाचार सम्प्रेषण विकासका गतिविधी प्रकाशन प्रशारण तथा सञ्चारमाध्यममा समाचार र सम्प्रेषण सूचनाको व्यवस्थापन गर्नका लागि गाउँपालिकामा पालिका भित्र रहेका तथा पालिका वहाय रहेका सञ्चार जगत, मिडिया र पत्रकारहरु विचमा संयोजकको रुपमा रहि कार्य गर्नका लागि एक जना सञ्चार संयोजक नियुक्त गर्न सकिनेछ।

(ख) गाउँपालिकामा उपलब्ध तथ्याङ्क तथा सूचनाको जानकारी सञ्चार संयोजक मार्फत सार्वजनिक सरोकार तथा गाउँपालिकाको हितमा बाहिर ल्याइनेछ ।

(ग) सञ्चार संयोजकले गाउँपालिका भित्रका पत्रकारहरुको कृयाशिलताका साथै गाउँपालिकासँग सम्बन्धित प्रकाशित र प्रशारित समाचार एवं समाचारजन्य सामाग्री संकलनका लागि गाउँपालिकामा अभिलेख राख्नेछ ।

(घ) यसका लागि गाउँपालिका क्षेत्रमा रहेर लामो समय देखि पत्रकारिता क्षेत्रमा कृयाशिल तथा सम्पादक स्तरको व्यक्तिलाई कार्यपालिकाले नियुक्त गर्नेछ ।

(ङ) संञ्चार संयोजकको सेवा अवधि एक वर्षको रहनेछ । साथै निजको काम सन्तोषजनक भएमा कार्यपालिका बैठकबाट निर्णय गरी सेवा अवधि थप गर्न सकिनेछ ।

(च) सञ्चार संयोजकले गाउँपालिका अध्यक्ष लगायत कार्यपालिका, सभा तथा विभिन्न समितिहरुले गरेका निर्णय र नीति नियमहरुलाई सञ्चार माध्यमहरुमा प्रवाह गरी गाउँपालिकाको हितमा दत्तचित्त भई लाग्नुपर्नेछ । साथै सञ्चार माध्यम, संचारकर्मी र संचारजन्य संघ संगठन बिच समन्वयकारी भूमिका खेली गाउँपालिका क्षेत्रको विकास र समृद्धिका लागि सूचनाको व्यवस्थापन गर्नु पर्नेछ ।

**४. सञ्चार संयोजकको काम, कर्तव्य र अधिकारः** (१) सञ्चार संयोजकले गाउँपालिकामा मासिक रुपमा भएका विकास गतिविधि तथा कार्यक्रमहरुको सञ्चारमाध्यममा प्रकाशनका साथै मासिक प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(२) गाउँपालिका क्षेत्र भित्र भए गरेका घटना, गाउँपालिकाको सार्वजनिक सूचनाहरुको प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ ।

**५. सञ्चार संयोजकको सेवा सुविधाः** (१) सञ्चार संयोजकले इन्धन वापत मासिक रु ३०००।-, सञ्चार खर्च मासिक रु २०००।-, खाजा र्खच वापत मासिक रु ३०००।-, समाचार लेखन वापत मासिक रु ५५००।-, समाचार छपाइ लगायत प्राविधिक कार्यको लागि मासिक रु. ६५००।– गरेर मासिक एकमुष्ठ रु २०,०००।– वीस हजार सुविधा वापत रकम पाउनेछ । साथै सञ्चार संयोजकको सेवा अवधि २०७९ साल श्रावण १ गते देखि  लागु हुनेछ ।

**६. सञ्चार संयोजकको पद मुक्त हुन सक्नेः** सञ्चार संयोजकको काम सन्तोषजन नभएमा गाउँपालिका अध्यक्षले जुन सुकै वखत सञ्चार संयोजकलाई पदमुक्त गर्न सक्नेछन् ।

**बुलेटिन प्रकाशनः** गाउँपालिकाका गतिविधि आम सरोकारको विषय भएको र नागरिकको सूचनाको हक तथा सुसूचित हुने हकलाई सम्मान गर्न गाउँपालिकाको कार्यालयले कम्तिमा चौमासिक बुलेटिक प्रकाशित गर्न सक्नेछ ।

**७. वेवसाइटः** गाउँपालिकाको आधारभूत सहित महत्वपुर्ण चिनारी, गाउँपालिकाको कार्यालयका महत्वपुर्ण गतिविधि, गाउँपालिकाले प्रकाशन गर्ने आवश्यकता, बोलपत्र, महत्वपुर्ण सूचनालाई गाउँपालिकाकाले निर्माण गरेको वेवसाइटमा राखिनेछ ।

**८. सामाजिक सञ्जालः** गाउँपालिकाका कार्यालयले सामाजिक सञ्जालका रुपमा फेसबुक पेज **हल्दीबारी गाउँपालिका** सञ्चालन गरिनेछ । यसका साथै अन्य विभिन्न सामाजिक सञ्जाल उपयोग गर्न सकिनेछ ।

**९. बचाउः** (१) यो मापदण्ड लागू हुनुभन्दा पहिले मापदण्डमा उल्लेखित विषयमा भएका कामकारबाहीहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यस मापदण्डमा उल्लेख भएका विषयहरु यसै वमोजिम हुनेछन र उल्लेख नभएका विषयहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछन ।

आज्ञाले
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र